# नेपाल सरकार
# रक्षा मन्त्रालय
# प्रेस विज्ञप्ति

नेपालको तीन दिने औपचारिक भ्रमणमा २०७३/१२/१० मा काठमाण्डौं आउनु भएका मित्रराष्ट्र चीनका महामहिम मेम्बर अफ द सेन्ट्रल मिलिटरी कमिशन, स्टेट काउन्सिलर तथा रक्षा मन्त्री जनरल चाङ्ग वा़नछुवा़न र वहाँका भ्रमण दलका उच्च अधिकारी आज शनिबार २०७३ साल चैत्र १२ गतेका दिन एयर चाइनाको उडानबाट स्वदेश फर्कनु भयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा माननीय रक्षा मन्त्री श्री बालकृष्ण खाणले वहाँको विदाई गर्नु भयो । विदाइका बेला नेपालका लागि चीनका महामहिम राजदूत श्रीमती यू होङ्ग र रक्षा सचिव श्री श्रीधर सापकोटा लगायत रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र नेपाली सेनाका उच्च अधिकारीहरु उपस्थित हुनुहुन्थ्यो ।

विदाई भेटका अवसरमा माननीय रक्षा मन्त्री खाणले चीनको विकासबाट नेपालले लाभ उठाउने सन्दर्भमा चीनका रक्षा मन्त्रीको भ्रमण फलदायी र उत्साहजनक भएको बताउनु भयो । राजनीतिक व्यक्तित्वहरु र उच्च प्रशासनिक पदाधिकारीहरुका अलावा जनस्तरमा पनि भ्रमणको आदान-प्रदान बढाउन सके दुवै देशलाई फाइदा हुने कुरा उल्लेख गर्दै वहाँले समकक्षीलाई गौतम बुद्धको जन्मस्थल लुम्बिनी जाने गरी पुन: नेपाल आउन आग्रह गर्नुभयो । भ्रमणका दौरान सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधान मन्त्री, माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्रीसँग भएको द्विपक्षीय भेटघाट र रक्षा मन्त्रालयमा भएको वार्ताबाट आगामी दिनमा नेपालको सामाजिक-आर्थिक विकासमा चीनको सहयोग विस्तार हुँदै जाने अपेक्षा आफूले राखेको बताउनु भयो । भ्रमणदलका सबैको सुखद यात्राको कामना गर्दै वहाँले प्रस्तुत भ्रमण सफल गराउन चीनीयाँ दूतावास, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र नेपाली सेनाले गरेको सहयोगप्रति धन्यवाद दिनुभयो ।

नेपाल भ्रमणका क्रममा पाएको आतिथ्यबाट आफू प्रभावित भएको र यो भ्रमणको व्यवस्थापन उत्कृष्ट भएको हुँदा यसमा संलग्न सबैको प्रशंसा गर्दै चीनीयाँ रक्षा मन्त्रीले नेपालको विकास र सम्वृद्धिको पक्षमा आफू रहेको कुरा बताउनु भयो । चीनको लक्ष्य दुई अंकको आर्थिक विकास भएकोले नेपालले पनि शान्ति, विकास र सम्वृद्धिमा फड्को मारेको आफूले देख्न चाहेको वहाँले भन्नु भयो । यसैबीच, यसप्रकारको भ्रमणको निरन्तरताको लागि समकक्षी माननीय रक्षा मन्त्री श्री खाणलाई चीनको औपचारिक भ्रमणको लागि आग्रह समेत चीनका रक्षामन्त्रीले गर्नुभयो ।

आनन्दराम रेग्मी
सह-सचिव

दिनाङ्क २०७३/१२/१२ शनिबार
सिंहदरबार, काठमाण्डौं ।